महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

शान्तिनगर गाउँपालिका

दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

शान्तिनगर गाउँपालिका

दाङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं.५५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शान्तिनगर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दाङ।

कैफियत सहितको राय

हामीले शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ८८ लाख ७४ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध पश्चात रु.२९ लाख ४० हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.११ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७२ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. १ कोरोड ३४ लाख ७ हजार र पेश्की रू.४१ लाख ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.९ करोड ४८ लाख ७४ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१२ करोड ७ लाख २७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

शान्तिनगर गाउँपालिका

दाङ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
७६	१०८	२८८७४	०	३४	२९४०	७६	७४	२५९३४	११३८	१३४०७	७२१९	०	०	२०६२६	४१७०

१.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१४	घनश्याम पाण्डेको १००० दिने आमाका लागि पोषण कार्यक्रमको पेश्की फस्यौंट भएको ।	५००००
१६	सावित्रा कुमारी आचार्यको न्यायिक समिति बैठक भत्ता असुल भई बैंक दाखिला भएको ।	१७८५
२१	देवकी न्यौपाने, रविन रेग्मी, प्रतिभा भण्डारी, रोशनी के सी, सिता खत्री, खडक बहादुर डाँगी, बेलमती वली, प्रकाश विष्ट, मीन बहादुर घिमिरे, दीपा वली,राज कुमार सापकोटा, मंगली पुन, सिता खत्री, कृष्णा विष्ट, सुशिला मल्ल, शिव प्रसाद वली, सिता खत्री, अम्बर वहादुर सार्किलाई चाडपर्वमा महङ्गीभत्ता भुक्तानी भएको असुल भई बैंक दाखिला भएको ।	३६०००
२२	महिला विकास निरिक्षक सावित्रा कुमारी आचार्यलाई प्राविधिक ग्रेड भुक्तानी हुने आधार पेश भएको ।	१३११२०
३३.१	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ ४ कोठे भवन निर्माण करकट्टी नगरेको रकम बैंक दाखिला भएको ।	११३३१४
३३.२	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ जनकल्याण मा.वि. सिमसुन्दरपुर, बुद्ध मा.वि. शान्तिपुरको I.C.T. ल्याब र वि.पी. मा.वि. वयालेको प्राविधिक धारको ल्याब व्यवस्थापनको बिलभरपाई पेश भएको ।	२३०००००
३४.३	बिरेन्द्र मा.वि. लाई बढी निकासा भएको दिवा खाजा रकम असुल भई बैंक दाखिला भएको ।	२२२४५
३४.४	शिवशक्ति मा. वि.र बुद्ध मा.वि.लाई बढी निकासा भएको पाठ्यपुस्तक रकम असूल भई बैंक दाखिला भएको ।	२५६४१
३४.७	बि पी मा.वि वयाले नमुना विद्यालयको कार्यसम्पादन अनुदानको विल,भरपाई पेश भएको ।	२०००००
३६.३	अग्रिम करकट्टी नगरेको रकम असूल भई बैंक दाखिला भएको ।	३३६८५
३९	रविन रेग्मीलाई बढि भुक्तानी भएको प्रशिक्षक भत्ता असुल भई बैंक दाखिला भएको ।	५४४०
४७	दिप न्यून टेक एग्रो स्टेशनको बढि व्ययभार भएको रकम असुल भई बैंक दाखिला भएको ।	२०७००
	जम्मा	२९३९९३०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

स्थानीय तहको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
शान्तिनगर गाउँपालिका	९४८४७	०	५४	९४७९३	०	२५९३४	१२०७२७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : शान्तिनगर गाउँपालिका, दाङ , शान्तिनगर गाउँपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	डिल्ली खड्का	२०७९-४-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	लेखा भण्डारी	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	२५,९३३,८५५.२५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,९८,८३,१२८.५५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८,७५,६९,५७२.१	**चालु खर्च**	३७,४२,६४,०६७.४
प्रदेश सरकारबाट अनुदान	३,३७,४०,४१८	**पूँजीगत खर्च**	१९,२०,८६,३९०.३
राजश्व बाँडफाँट	८,३६,६९,३५६.८५	**वित्तीय/अन्य व्यवस्था**	१,६०,९८,५७५.२५
आन्तरिक आय	१,२६,९०,८९३		
अन्य आय	१४,७९,१४,५३७.५		
कुल आय	५६,५५,८४,७७७.४५	**कुल खर्च**	५८,२४,४९,०३२.९५
बाँकी मौज्दात		३,३०,१८,८७३.०५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ । पालिकाले सुत्रवाट जारी म.ले.प.फा.नं.२७२ ले सबै कारोबार नसमेट्ने कारण एकिकृत आ.वि.तयार गरि पेश गरेको छ । सबै कारोबार सुत्रमा समेट्नु पर्दछ ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ	
	विवरण	रकम	रकम		विवरण	रकम
१	**गत वर्षकोजिम्मेवारी**		४९८८३१२८.९	**१**	**चालु खर्च**	३७४२६४०६७.४
	क) नगद			२	**पूँजीगत खर्च**	१९२०८६३९०.३
	ख) बैंक(संचितकोष)	४४९०९०७२.९		३	**वित्तिय व्यवस्था भुक्तानी**	
	ग) विभिन्न कोष तर्फ	४९७४०५६				
२	**राजस्व (आन्तरिक आय)**		**९६३६०२४९.८५**		क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	१२६९०८९३			ख) ब्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड	८३६६९३५६.९			ग) अन्य भुक्तानी	
	ग) अन्य आय			४	**लगानी**	
३	**वित्तिय हस्तान्तरण संघ**		**२८७५६९५२७.१**		ऋण लगानी	
	क) वित्तिय समानीकरण अनुदान	१०५५०००००			शेयर लगानी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	ख) सशर्तअनुदान चालु	१४९२१४००७			अन्य लगानी	
	ग) सशर्त अनुदान पुजीगत	३१५२५७५७.५				
	ग) समपूरक अनुदान	१३२९८०८		५	**धरौटीफिर्ता**	३१८३१९९.२४
	घ) विशेष अनुदान			६	**जनश्रमदानफिर्ता**	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**३३७४०४१८.६**	७	**कोष फिर्ता**	**१२९१५३७५.९८**
	क) वित्तिय समानीकरण अनुदान	४९६४०००		८	**मौज्दात**	
	ख) सशर्त अनुदान	७९३५५६३.६३			क) बैंकमौज्दात	२०१२९६१४.६
	ग) समपुरक अनुदान	९२२५३३२.५			ख) विविध खर्चखातामा मौज्दात	८०९७८४.६
	घ) विशेष अनुदान	११६३३५२२.५		९		
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			१०	**गत बर्षको बढी अल्या**	
	अन्तर सरकारी हस्तान्तरणबाट	११२९७१४८०	११२९७१४८०			
६	**अन्य**			११	**जनश्रमदानमौज्दात**	
	क)धानबालीको क्षतीकोराहतका लागि प्राप्त रकम	१००६२७९६.६	१००६२७९६.६	१२	**धरौटमौज्दात**	**८६१३८२६.०७**
	ख) सडक बोर्ड नेपाल	१२६३६१०	१२६३६१०	१३	**कोष खाताकोमौज्दात**	**३४६५६४८.२३**
	ग) पर्यटन बोर्ड नेपाल					
	घ) पि एल जि बि आइटिअफिसरको तलव	४१२६५६	४१२६५६			

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>विभिन्न कोषतर्फको आय</td><td>११४०६९६७.८</td><td>११४०६९६७।८</td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>जनसहभागिता (नगद)</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>विषयगत निकायबाट प्राप्त</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>धरौटी आय</td><td>११७९७०२५.३</td><td>११७९७०२५.३</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६१५४६७९०५</td><td></td><td>जम्मा</td><td>६१५४६७९०५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस शान्तिनगर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ७ वडा, २३ सभा सदस्य, ११६.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा २५ हजार ३०० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षण

लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७९।१०।२३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :	
४			**लेखापरीक्षणको क्रममा असुल** लेखापरीक्षणमा औंल्याए पश्चात नपाउने भ्रमण भत्ता, न्यायिक समिति बैठक भत्ता र दोहोरो बैठक भत्ता गरी जम्मा रु.९०१७० असुल भई बैंक दाखिला भएको छ ।	
५			**वित्तीय विवरण परीक्षण - यसमा देहायका व्यहोरा देखिएका छन् -**	
५.१			**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.८७४४५२४ ले फरक देखिएको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५.२			•स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि विभाज्यकोषमा रु.६६८३७७२.६० मौज्दात राखेकोमा श्रावणमा संचित कोषमा ट्रान्सफर गरेको पाईयो ।	
५.३			**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी एकिन गर्नुपर्दछ ।प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४८३९०७१६.९१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ४९८८३१२८.९ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१४९२४११.९९ बढी जिम्मेवारी सरेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।	
५.४			**बैक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान साट्न बाकीं चेकको विवरण तयार गरी पेश गरेको छ ।
<table>
<tr><td>सि.नं.</td><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार बाँकी</td><td>बैंक स्टेटमेण्ट अनुसार बाँकी</td><td>फरक</td></tr>
<tr><td>१.</td><td>चालु खर्च खाता</td><td>०</td><td>३९१४२०.८०</td><td>३९१४२०.८०</td></tr>
<tr><td>२.</td><td>पूँजिगत खर्च खाता</td><td>०</td><td>१६८३३४८.३३</td><td>१६८३३४८.३३</td></tr>
<tr><td>३.</td><td>विभाज्य कोष खाता</td><td>०</td><td>६६८३७७२.६</td><td>६६८३७७२.६</td></tr>
<tr><td>४.</td><td>विविध खर्च खाता</td><td>८५०९१७.६०</td><td>८५७४४७.६०</td><td>६५३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८५०९१७.६०</td><td>९६१५९८९.३३</td><td>८७६५०७१.७३</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण यसमा निम्न व्यहोरा देखिएका छन् -</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन
• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन
• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन
•निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१९७४८९९९.२६ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईय • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत ३२५ योजनामा रु.१०३२९१०८३ खर्च लेखेकोमा संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>बेरुजु लगतः पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । तोकिएको ढाचँमा लगत राख्नुपर्दछ ।

म. ले. प. फाराम ८०१ – बेरुजु लगत
म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन
म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>खर्चमा मितव्यिता कायम गर्नुपर्ने – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।
<table><tr><td>मर्मत खर्च</td><td>९९९८९५</td></tr></table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ईन्धन खर्च — १९८५००० विविध खर्च — २७९७९०१ बैठक भता — २१४५८०३ • मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । •निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो । • विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो • **इन्धन खर्चः** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धनमा रु.१९८५००० खर्च गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राख्नुपर्नेमा राखेको छैन यसबाट इन्धन खर्च मितव्ययि छ भनी आश्वस्त हुन सकिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• **सवारी मर्मत खर्चः** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी मर्मतमा रु.९९९८९५ लाख खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरि मर्मत खर्चमा मितव्ययी गर्नुपर्दछ । यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।	
६.४			**भ्रमण खर्च** : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.७००००० खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् - • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको। • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
७			**बजेट तथा कार्यक्रम- यसमा देहायको व्यहोरा देखिएका छन् -**	
७.१			**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८।०३।१० गते रु.४७ करोड ४९ लाख ५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।	
७.२			**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
७.३			**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th colspan="4">चौमासिक खर्च (रकम रु.हजारमा)</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पूजिगँत खर्च</td><td>१७१०७३</td><td>९५१२</td><td>४२२७४</td><td>११९२८७</td><td>६१६४५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७१०७३</td><td>९५१२</td><td>४२२७४</td><td>११९२८७</td><td>६१६४५</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>५.५६</td><td>२४.७२</td><td>६९.७२</td><td>३६.०३</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१० करोड १० लाख ७३ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.९५ लाख १२ हजार अर्थात ५.५६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ४ करोड २२ लाख ७४ हजार, अर्थात २४.७२ प्रतिशत र तेश्रो चौमासिकमा रु.११ करोड ९२ लाख ८७ हजार,, अर्थात ६९.७२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड १६ लाख ४५ हजार अर्थात ३६.०३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७.४</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>५३५०४९६०</td><td>४६०५०३४९</td><td>१०.४०</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१४२४७७३००</td><td>१०२५१३४४४</td><td>२३.१६</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२४०६७४५००</td><td>२१९६१८६५७</td><td>४९.६३</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>११०६५००</td><td>७२९२६१</td><td>०.१६</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१२४६५९२५</td><td>९८४३११४</td><td>२.२२</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६६१९८८८०</td><td>६३६९४८७२</td><td>१४.५३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५१६४२८०६५</td><td>४४२४४९६९९</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४९.६३ प्रतिशत र बातावरण तथा विकास मा सबै भन्दा घटीमा ०.१६ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.६			**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१२६९०८९३ राजस्व बाँडफाँडबाट रु ८३६६९३५६ र अनुदानबाट रु. ३२२५७३५५५ समेत रु. ६१५४६७९०५ आम्दानी भएकोमा चालु तर्फ रु.३७४२६४०६७ र पूँजिगत तर्फ रु १९२०८६३९० समेत रु ५६६३५०४५७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.७३९२९२६ खर्च भएको छ जुन आन्तरिक आयको ५८.२५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.०८ प्रतिशत चालु र ३३.९१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
७.७			**गत बर्षको दायित्व -** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट श्रावण सात गतेभित्र भुक्तानी बाँकीको बिबरण म.ले.प.फा.नं.२२१ प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले आ.व. २०७७।७८ मा रु.१३०५४९ भुक्तानी दिन बाँकी रहेको बिबरण नराखी यो बर्ष २०७८।७९ भुक्तानी दिएको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।	
७.८			**बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८			**कानून निर्माण एवं कार्यान्वयन - यसमा निम्न व्यहोरा देखिएका छन् -**	
८.१			**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ३ वटा नियमावली, २० वटा कार्यविधि, ४ निर्देशिका र १नर्म्स लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।	
८.२			**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको १० गरी कुल ११ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
९			**संगठन तथा कर्मचारी व्यवस्थापन- यसमा देहायका व्यहोरा देखिएका छन् -**	
९.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, कृषि अधिकृत, पशु अधिकृत,सव-ईन्जिनियर सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
९.२			**तलवि प्रतिवेदन पारित नगरेको** - निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१९७४८९९९.२६ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।	
९.३			**कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४८ जना कर्मचारीहरू करारमा राखि रु.१३३३९३४० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक विभिन्न ४ पदमा १३ नियुक्ति गरि वर्षभरीमा रु.५५८४९३० भुक्तानी गरेको अनियमित देखिएको रु.	५,५८४,९३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.४			**अतिरिक्त समय भत्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारीको न्यूनतम सुविधा प्रदेश कानूनले तोकेवमोजिम हुने तथा प्रदेशले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । नेपाल सरकारद्धारा अतिरिक्त समय भत्ता व्यवस्था गरेको अवस्था छैन । पालिकाले असार महिनामा कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढी विहान वेलुका र सार्वजनिक विदाको दिन अतिरिक्त समय कार्य गरेवापत एक महिनाको तलब भत्ता वरावरको प्रोत्साहन भत्ता १० जना कर्मचारीहरुको रु ४५५९१० खर्च लेखेको छ ।अतिरिक्त समय पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ ।	
९.५			**कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यसवर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । पालिकाले स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।	
१०			**अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता - यसमा निम्न व्यहोरा देखिएका छन् -**	
१०.१			**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा संघ तर्फको रु.१८४७५४२७.४३ र प्रदेश तर्फको रु.६७०८५८०.८ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९-०३-३१ मा फिर्ता गरेको छ ।	
१०.२			**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।यसका केहि उदाहरण देहाय अनुसार छन् -
<table>
<tr><th>कार्यक्रम</th><th>अनुदान पाउनेको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td rowspan="3">पकेट कार्यक्रम</td><td>वयाले कृषि सहकारी संस्था लि</td><td>७८४५६४</td></tr>
<tr><td>आधुनिक मनोहर मौरी पालन केन्द्र</td><td>२०००००</td></tr>
<tr><td>मनकामना माहुरी पालन समुह</td><td>१९९२५०</td></tr>
<tr><td>मौरी पकेट कार्यक्रम</td><td>ॐ शान्ति कृषि सहकारी संस्था लि</td><td>३७१०००</td></tr>
<tr><td>मकै खेती पकेट कार्यक्रम</td><td>विष्णुपुर कृषि सहकारी संस्था लि</td><td>४०००००</td></tr>
<tr><td>मकै खेती पकेट कार्यक्रम</td><td>समता कृषि सहकारी स्स्था लि</td><td>४०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३५४८१४</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रण - यसमा देहायका व्यहोरा देखिएका छन् -</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>आय ठेक्काः कार्यालयले तयार गरेको विवरण अनुसार गाउँपालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ विक्रिकालागी देहाय अनुसार रु.४२८२००० ठेक्का बन्दोवस्त गरी आन्तरिक आय असुल गरेको देखियो । पालिकाले उल्लिखित ठेक्कामा नदिजन्य पदार्थ उत्खनन् गरि विक्रि वितरण गरेको परिमाणको अभिलेख निर्माण व्यवसायी तथा कार्यालय दुवैले राखेको नदेखिएकोले उत्खनन् परिमाणको विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>घाटको नाम</th><th>व्यवसायीकोनाम</th><th>कबोलअंक</th><th>दाखिलारकम</th><th>मु अकर रु</th></tr>
<tr><td>देविपुर घाट ०१</td><td>ब्लुग्रेन कन्स्ट्रक्सन प्रा.लि.</td><td>३००००००</td><td>३००००००</td><td>३९००००</td></tr>
<tr><td>देविपुर घाट ०२</td><td>विजेश्वरी कन्स्ट्रक्सन</td><td>१२८२०००</td><td>१२८२०००</td><td>१६६७००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२८२०००</td><td>४२८२०००</td><td>५५६७००</td></tr>
</table>
दाखिला समय र जरिवानाः नदिजन्य पदार्थको उल्लेखित आय ठेक्का सम्झौता अनुसार राजश्व रकम पहिलो किस्ता सम्झौताका बखत दाखिला गर्नु पर्ने र दोश्रो तथा अन्तिम किस्ता २०७८।१२।३० सम्ममा दाखिला गरिसक्नु पर्ने व्यवस्था छ। नदिजन्य पदार्थको ठेक्का पाउने उल्लिखत व्यवसायीहरुले पहिलो किस्ता सम्झौताको व्यवस्था बमोजिम दाखिला गरेको तर दोश्रो तथा अन्तिम किस्ता सम्झौतामा तोकिएको अवधि भन्दा ढिला गरि दाखिला गरेको देखियो । कार्यालयले आय ठेक्का पाउने व्यवसायीहरुसंग निर्धारित समयमा दाखिला गर्न ताकेता नगरेकोले सम्झौतामा तोकिएको समय भन्दा ढिला गरि दाखिला गरेका छन् । आय ठेक्का सम्झौतामा किस्ता ढिला बुझाएमा थप जरिवाना लाग्ने व्यवस्था नगरेकोले व्यवसायीहरुबाट जरिवाना समेत असुल गरेको छैन । अतः आय ठेक्का सम्झौता गर्दा तोकिएको समयमा राजश्व नबुझाएमा जरिवाना लाग्ने व्यवस्था समेत शर्तको रुपमा राखि सुधार गरिनु पर्दछ ।
मू.अ.कर दाखिला खाता - मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबृद्धि कर लाग्ने वस्तु विक्रिमा मुल्य अभिबृद्धि कर लगाउन पाउने व्यवस्था रहेको छ । त्यस अनुसार विज्ञापन करको आय ठेक्का र नदीजन्य पदार्थ ९ढुङ्गा, गिट्टी, बालुवा अदी० उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बिच भएको सम्झौतामा सेवा प्रदायकले बुझाउनुपर्ने मुल्य अभिबृद्धि कर (भ्याट) तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, शुल्क,दस्तुर सबै सेवा प्रदायकले
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यालय र सम्बन्धित राजश्व कार्यलयमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । पालिका क्षेत्रको नदीजन्य पदार्थ विक्रिबाट संकलित मु।अ। कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट गर्ने संकलन गरि दाखिला गर्नुपर्ने राजश्व शीर्षक न ३३३१७ मा ने दाखिला गरेकोले देखियो । तर आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असुल गरि कार्यालयले स्थानिय तहकै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नु पर्ने मुल्य अभिबृद्धि कर रु.५५६७०० उल्लेखित निर्माण व्यवसायीले आफ्नै नामबाट व्यवसायीकै सम्पर्क मोबाइल नं. तथा भ्याट नं. उल्लेख राजश्व खातामा दाखिला गरेकोले व्यवसायीहरुलाई अनुचित लाभ हुन गएको देखियो । अतः उल्लिखित बमोजिम पालिकाको नामबाट राजश्व दाखिला भएको जनाई नाम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	५५६,७००
११.२			**राजश्व अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले यसवर्ष वडा नं. १ मा नगदी रसिद बाट ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको र अन्य वडामा आशिंक रुपमा अफलाईन सफ्टवयर मार्फत राजस्व संकलन गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अफलाईन सफ्टवयरको प्रयोगको कारणबाट राजस्व संकलनको एकिकृत विवरण प्राप्त हुन नसक्ने तथा अघिल्लो आ.व.को नगदि रसिद के कति बाँकी छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने, पुरानो रसिद प्रयोग गर्ने र अफलाईन प्रणालीमा छुट्टै विजक जारी गर्ने जोखिम विद्यमान रहन्छ । पालिकाले यसबर्ष पालिका केन्द्र र ७ वटा वडाबाट रु.६०४२२८६.५१ आन्तरिक राजस्व संकलन र दाखिला गरेको विवरण पेश गरेको छ ।कार्यालयबाट सवै वडाहरुमा स्वचालित अनलाईन प्रणालि जडान गरी राजस्व संकलन गर्ने आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।साथै लेखापरीक्षणको क्रममा वडा कार्यालयहरुले पेश गरेको राजस्व असुलिको विवरण पेश भएता पनि अफलाईन प्रणालिबाट जारि विवरण राजस्व संकलनको विवरण पेश नभएकाले घटि राजस्व दाखिला सम्बन्धमा एकिन हुनसकेन ।	
११.३			**राजश्व दाखिलामा जरीवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।	
११.४			**अमानत मार्फत ढुङ्गा गिट्टि बिक्रि र राजस्व संकलन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले नदिजन्य पदार्थ विक्रिकालागी ठेक्का आह्वान गर्दा ठेक्का नलागेकोले कार्यपालिकाको निर्णय अनुसार वभिन्न १० घाट क्षेत्रबाट अमानतमा विक्रि राजश्व असुल गर्न व्यक्ति परिचालन गरि नगदि रसिद मार्फत रु.१८७७५२० राजस्व संकलन गरेको मध्ये संकलकहरुलाई १० प्रतिशत कमिशन रु १८७७५२ पश्चात प्राप्त रु १६८९७६८ मध्ये हुने मु अ कर रु २१९६६९.८४ सम्बन्धित राजश्व खाता दाखिला नगरी पालिका कै खातामा राखेको देखिएकोले राजश्व शीर्षक ३३३१७ मा दाखिला गर्नु पर्ने रु. साथै अमानतबाट के कति परिमाणमा ढुङ्गा , गिट्टी बिक्रि गरि राजस्व संकलन भएको हो सो को विवरण पेश नभएकाले एकिन गर्न सकिएन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर राजस्व संकलन गर्ने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । सो सम्बन्धमा तहाँ कार्यालयबाटै एकिन गर्नुपर्दछ ।	२१९,६६९
११.५			**विभाज्य कोषको रकम अन्यत्र खर्च गरेको** – पालिकाले गाउँकार्यपालिकाको निर्णय बमोजिम १५ सैयाँको अस्पताल निर्माणका लागि बजेट अभावका कारण गाल्वा ।खड्का।कृष्ण जे.भि. लाई सापटी सोधभर्ना हुने गरि स्वरुप रु.७५००००० भुक्तानी दिएको र सो रकम सोधभर्ना भएको छ । कार्यपालिकाको निर्णयबाट कोषको मर्म विपरित खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**आर्थिक सहायताः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस वर्ष पालिका कार्याविधि अनुसार बाढि पिडित, आगलागि पिडित, हावाहुरी पिडित लगायतलाई रु १४९००० आर्थिक सहायता खर्च लेखेको छ । यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्ने देखिन्छ ।	
१३			**जिन्सी व्यवस्थापन -** **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्: -कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । पालिकाले खरिद गरेको सामग्री विद्यालयलाइ हस्तान्तरण गरेकोमा विद्यालयमा प्रयोगमा रहे नरहेको, विद्यालयले जिन्सी	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दाखिला गरे नगरेको तथा खरिद सामग्री गुणस्तरीय भए नभएको सम्बन्धमा एकिन हुन सक्ने अवस्था छैन ।
-देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः
<table>
<tr><th>गो.भौ. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>मालसामानको नाम</th></tr>
<tr><td>४०-०७९।२।१८</td><td>७० प्रतिशत अनुदानमा ल्यापटप विद्यालयका लागि</td><td>९२४०४६</td><td>१८ सेट ल्यापटप</td></tr>
<tr><td>४१-०७९।२।१८</td><td>विद्यालयमा प्रोजेक्टर तथा स्मार्ट वोर्ड</td><td>७७१२२५</td><td>५ सेट स्मार्ट वोर्ड र १० सेट प्रोजेक्टर</td></tr>
<tr><td>४५-०७९।३।६</td><td>प्रविधिको विकास मार्फत विद्यालयमा सहज</td><td>९३३८००</td><td>८ सेट डेष्टटप र ८ प्रिन्टर</td></tr>
<tr><td>४७-०७९।३।६</td><td>वालविकासका लागि LED TV व्यवस्थापन</td><td>५४२६५१</td><td>१४ सेट टि भी खरिद गरेकोमा २ वटा मौज्दात रहेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१७१७२२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पेश्की व्यवस्थापन- यसमा निम्न व्यहोरा देखिएको छ -

पेश्की बाँकी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार देहायको पेश्की रकम रु. ४२१८९८२.२५ फछ्यौट हुनुपर्ने रु.</td><td>४,१६८,९८२.२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क्र.सं.	गो.भौ.नं.।मिति	पेश्कीलिनेकोनाम	पद	प्रयोजन	रकम
१	९।२०७९-०१-०५	कृष्णकुमारकडेंल	अधिकृतछैठौं	टमाटरससबनाउनेतालिम	११००००
				दुनाटपरीबनाउनेतालिम	१५००००
				सिस्निकोपाउडरबनाउनेतालिम	१५००००
२	२८।२०७९-०३-२४	नन्दरामके.सी.	सहायकपाचौं	डा नं ७ को गैरातिल्वारी गाउमा थारु सांस्कृतिक सामाग्रि खरिद	५००००
				वडा नं ७ को घुसुरामा थारु सांस्कृतिक सामाग्रिखरिद	५००००
				वडा नं ७ को धनौरामा थारु संस्कृतिको संरक्षणकालागि सामाग्रि खरिद	५००००
३	३५।२०७८-०९-०६	शान्तिनगर स्वास्थ्य चौकी	संस्थागत	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	६०००
४	२२६।२०७९-	बान्द्रे खोला नेप्टे	उपभोक्ता	विविध योजना तथा कार्यक्रम	१२५९६३.२५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>०१-०४</td><td>ट्रस उपभोक्ता समिति</td><td>समिति</td><td></td><td></td></tr>
<tr><td>५</td><td>२६।२०७९-०३-२४</td><td>विद्युत प्राधिकरणलाई</td><td>संस्थागत</td><td>ग्रामिण विद्युतिकरण</td><td>३४७७०१९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४,१६८,९८२.२५</td></tr>
</table>

(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१२ को निर्णयबाट रु.५०००० ।-सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कानूनी सल्लाहकार–

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद गर्ननहुने उल्लेख छ । तर पालिकाले कानुनी सल्लाहाकार मोहन प्रसाद धिताललाइ नियुक्ति गरि मासिक रु २०००० का दरले वार्षिक रु २४०००० खर्च लेखेको अनियमित देखिएको रु</td><td>२४०,०००</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>न्यायिक समिति बैठक भक्ता :

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ४६ मा न्यायिक समितिको गठन सम्बन्धी व्यबस्था छ । आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न स्थानीय तहमा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तिन सदस्यीय न्यायिक</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समिति रहने प्रावधान छ ।कार्यालयले तोकिएका तिन सदस्य बाहेक अन्य पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तान गरेको रकम सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गौ.भो.नं.।मिति</th><th>कर्मचारीको नाम र पद</th><th>बैठक संख्या</th><th>भुक्तानी दिएको रु.(कर कट्टीपछि)</th></tr>
<tr><td rowspan="5">२११।२०७८-११-६</td><td>कमान सिंह डाँगी</td><td>१</td><td>८५०</td></tr>
<tr><td>बुद्धिराम तिवारी</td><td>२</td><td>१७००</td></tr>
<tr><td>मोहन प्रसाद धिताल</td><td>५</td><td>४२५०</td></tr>
<tr><td>गोकर्ण शर्मा</td><td>६</td><td>३५७०</td></tr>
<tr><td>यादव प्रसाद भुसाल</td><td>१०</td><td>५९५०</td></tr>
<tr><td rowspan="3">३०४।२०७८-१२-२०</td><td>मोहन प्रसाद धिताल</td><td>६</td><td>५१००</td></tr>
<tr><td>यादव प्रसाद भुसाल</td><td>१०</td><td>५९५०</td></tr>
<tr><td>गोकर्ण शर्मा</td><td>५</td><td>२९७५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०,३४५</td></tr>
</table>

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.१७८५।-सम्परीक्षण गरिएको ।)</td><td>३०,३४५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**पदाधिकारी सुविधा- यसमा निम्न व्यहोरा देखिएको छ -**	
१७.१			**बढि अतिथि सत्कार सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ ।वडा अध्यक्षलाइ अतिथि सत्कार वापत मासिक रु ४००० सुविधा दिएकोमा वडा अध्यक्ष जंग वहादुर पुनमगरलाई अतिथि सत्कार वापत रु ९५६२३ भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु	९५,६२३
१७.२			**पदाधिकारी सुविधा** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने स-साना काममा भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.१७५५९२६.६, टेलिफोन तथा मोवाइल रु.१२,३४,०००। पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.११,१६,०००।-, समन्वय तथा सहजीकरणमा रु.१९,०८,०००।- अतिथि सत्कारमा रु. ४,६८,०००।- खानेपानी विजुली सरसफाईमा रु.२,८८,०००।- , मर्मत सम्भार बापत रु.२,८८,०००।- र चाडवाड खर्च रु.३,३५,०००। समेत रु. ७३९२९२६.६० खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			हुने अवस्था रहेन। अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१८			**विद्यालयको आन्तरिक लेखापरिक्षणः** १०।०७८।९।१६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ परिच्छेद ६ मा आन्तरिक नियन्त्रण र लेखापरीक्षण सम्बन्धमा विद्यालयको आन्तरिक लेखापरीक्षण गर्ने कुनै व्यवस्था रहेको देखिदैन । पालिकाले शिक्षा समितिको निर्णय गराइ विद्यालयको आन्तरिक लेखापरीक्षण तथा लेखापरीक्षण सहजकर्ताको पारिश्रमिक भुक्तानी गरेको छ । ऐन तथा नियमावलीमा नभएको व्यवस्थालाइ निर्णयको आधारमा कार्यालयका कर्मचारीलाइ पारिश्रमिक दिएको अनियमित देखिएको रु	१७०,०००

क स	कर्मचारीको नाम	कर कट्टी वाहेक वुझेको रकम	कैफियत
१	हुकुम वली	११९०००	आ ले प पारिश्रमिक
२	सुमन पाण्डे	५१०००	आ ले प सहजकर्ता
	जम्मा	१७००००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**फरक खर्च शिर्षक -** आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ ।कार्यालयले फरक शिर्षक पारि खर्च लेखेको अनियमित देखिएको रु	३८२,३३४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गौ न । मिति</th><th>खर्च शिर्षक</th><th>हुनुपर्ने शिर्षक</th><th>रकम</th></tr>
<tr><td>५६।०७९।३।२०</td><td>विविध खर्च</td><td>विद्यालय व्यवस्थापन अनुगमन</td><td>५६६००</td></tr>
<tr><td>५९।०७९।३।२०</td><td>विविध खर्च</td><td>कक्षा १२ को परिक्षा अनुगमन</td><td>६००००</td></tr>
<tr><td>१५६।०७८।९।१६</td><td>सीप विकास तथा जनचेतना तालिम</td><td>बैठक भत्ता</td><td>६४८००</td></tr>
<tr><td>५४४।०७९।३।२५</td><td>करार सेवा शुल्क</td><td>प्रोत्साहन भत्ता</td><td>२००९३४</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३८२३३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>करार कर्मचारीलाई महंगी भत्ता -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (६) र (८) अनुसार गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार मालि, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न नपाइने व्यवस्था छ । गाउँपालीकाले कानुन अनुसार कर्मचारीको सेवा करारबाट पदपुर्ति नगरी विभिन्न व्यक्तिसँग करार सम्झौता गरी नियुक्त गरेको छ । करारका कर्मचारीलाइ मासीक पारीश्रमिक, चाडपर्व खर्च, लुगा भत्ता मात्र उपलव्ध गराउने गरी करार सम्झौता गर्नुपर्दछ तथा अर्थ मन्त्रालयको मिति २०७९-०१-२१ को पत्र संख्या३६५-०३।२०७८-७९ चलानी नं. १७१९ को परिपत्रमा विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महंगी भत्ता उपलब्ध गराउने कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले महंगी भत्ता उपलब्ध गराउन नसकिने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले कार्यविधि तथा प्रचलित कानून विपरीत करारका कर्मचारीलाइ महङ्गी भत्ता</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मासीक रु २०००। दिने गरी सम्झौता गरेको छ । कानूनी व्यवस्था तथा कार्यविधि विपरीत ३१ जना करार कर्मचारीलाइ महङ्गी भत्ता रु ७४४,००० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	७४४,०००
२१			**चाडपर्वमा महङ्गीभत्ताः** पालिकाले चाडपर्व खर्च भुक्तानी गर्दा तलब स्केल र ग्रेड मात्र भुक्तानी गर्नुपर्दछ ।पालिकाले निम्न कर्मचारीलाइ चाडपर्व खर्चमा महंग्री भत्ता समेत भुक्तानी गरेकोले निजवाट असुल गर्नुपर्ने रु	१६,०००

क स	नाम	रकम
१	प्रेम चन्द	२०००
२	विनोद अधिकारी	२०००
३	रविन पुन	२०००
४	शिव कुमार विष्ट	२०००
५	कमला खत्री	२०००
६	विणा विक	२०००
७	गुरु प्रसाद लामिछाने	२०००
८	पहल सिहं वली	२०००
	जम्मा	**१६,०००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।१४, २२,२३,२५ र २८ को निर्णयबाट रु.३६०००।- सम्परीक्षण गरिएको ।)	
२२			**प्राविधिक ग्रेड -** ………. *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।१४ को निर्णयबाट रु.१३११२०।- सम्परीक्षण गरिएको ।)*	
२३			**नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book) नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ ।	
२४			**कर दस्तुर एवं आन्तरिक आय- यसमा निम्न व्यहोरा देखिएका छन् -**	
२४.१			**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>५000000</td><td>६0६१५८६</td><td>१२0</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१५00000</td><td>३0१५५१</td><td>२४</td></tr>
<tr><td>व्यवसाय कर</td><td>३00000</td><td>१३६00९</td><td>४८</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>५0000</td><td>१0६२७</td><td>२४</td></tr>
<tr><td>जम्मा</td><td>६८५0000</td><td>६५0९७७३</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६८५0000 प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.६५0९७७३ अर्थात अनुमान भन्दा ४.९६ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४.३			**व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १३६००९ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
२४.४			**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२४.५			**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।	

केन्द्रिय अनुदानबाट खर्च	**आन्तरिक आय**	**आन्तरिक आय प्रतिशत**
३२२५७३५५५	१३२२५५०८	४.१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२५			**उपभोक्ता समिती मार्फत कार्य- यसमा निम्न व्यहोरा देखिएका छन् -**	
२५.१			**जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, लिफ्ट सिचाइ, सडक निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२३१।२०७९-०१-५	बि.पि.मा.बि.मा स्मारक निर्माण उपभोक्ता समिति	स्मारक निर्माण	७४९०१६
२३५।२०७९-०१-०५	खैरेनिमा योगा भवन निर्माण उपभोक्ता समिति	वडा नं ७ को खैरेनिमा योगा भवन निर्माण योजना	३८७९५५
२३८।२०७९-०१-०६	छोटे पुर्वटोलको मेनरोडदेखि मन्दिर सम्म ग्रावेल रोलिङ्ग उपभोक्ता समिति	वडा नं २ को छोटे पुर्वटोलको मेनरोडदेखि मन्दिर सम्म ग्रावेल रोलिङ्ग योजना	५८२०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			२३९।२०७९-०१-०७	धनौरा गाउँदेखि दक्षिण ओरालोमा पक्कि नाला निर्माण उपभोक्ता समिति	धनौरा गाउँदेखि दक्षिण ओरालोमा पक्कि नाला निर्माण योजनाको	७७३६६१	
			२४४।२०७९-०१-०९	वडा नं २ को डरबाटादेखि अुमवा सम्योम नया बाटो कटिङ्ग उ.स.	वडा नं २ को डरबाटादेखि अुमवा सम्योम नया बाटो कटिङ्ग योजना	७७४८०५	
			२४९।२०७९-०१-०९	वडा नं २ को कात्तिके द्खि इश्वरिको घरसम्म जोड्ने बाटो ग्रावेल उ.स.	वडा नं २ को कात्तिके द्खि इश्वरिको घरसम्म जोड्ने बाटो ग्रावेल योजना	३८८०००	
			१०।२०७९-०१-११	अमुवा ठाकाचौर चिसापानी सडक योजनाको	शान्तिनगर २ अमुवा ठाकाचौर चिसापानी सडक उ.स.	७७६०००	
			२५३।२०७९-०१-११	अमुवा माझटोल मेनसडक देखि नेवबहादुर खड्काको घर सम्म ग्रावेल र रोलिङ्ग उ.स.	वडा नं २ को अमुवा माझटोल मेनसडक देखि नेवबहादुर खड्काको घर सम्म ग्रावेल र रोलिङ्ग योजनाको	७७६०००	
			१५।२०७९-०३-०३	शान्तनगर ३ नेपाल राष्ट्रिय आ.वि.केराघारी भवन निर्माण उ.स.	शान्तनगर ३ नेपाल राष्ट्रिय आ.वि.केराघारी भवन निर्माण योजना	७७४२०५	
			१६।२०७९-०३-०३	शान्तनगर ७ दुविचौर झिम्तेवा घुसुरा सडक उ.स.	शान्तनगर ७ दुविचौर झिम्तेवा घुसुरा सडक योजना	७५०७५३	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७।२०७९-०३-०३</td><td>शान्तनगर ७ खैरेनी प्रतिक्षालय देखि सिमलबोट वन भवन सडक योजना उ.स.</td><td>शान्तनगर ७ खैरेनी प्रतिक्षालय देखि सिमलबोट वन भवन सडक योजना</td><td>७५४५२६</td></tr>
<tr><td>३१०।२०७९-०३-०७</td><td>वडा नं ६ को देविपुरमा नाला तथा कल्भर्ट निर्माण उ.स.</td><td>वडा नं ६ वडा नं छ को देविपुरमा नाला तथा कल्भर्ट निर्माण योजनाको</td><td>९६२०९२</td></tr>
<tr><td>२६१।२०७९-०३-१६</td><td>बाइसे कुलो उ.स.</td><td>वडा नं ४ को बाइसे कुलो लाइनिङ्ग योजना</td><td>७७४१७२</td></tr>
<tr><td>३८४।२०७९-०३-२१</td><td>बैशा खलियान तालदेखि बैशा कुमालगडि पनबटुवासम्म लिफ्ट सिचाइ योजना उ.स.</td><td>वडा नं ५ मा संचालित बैशा खलियान तालदेखि बैशा कुमालगडि पनबटुवासम्म लिफ्ट सिचाइ योजनाको</td><td>७७५८९५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९९९९०८०</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>उपभोक्ता समितिको अध्यक्षलाई भुक्तानी – पालिकाले उपभोक्ता समितिलाई कार्यसम्पन्न पश्चात समितिको नाममा भुक्तानी दिनुपर्दछ । तर पालिकाले रु.५०००० भन्दा तलको भुक्तानी गर्दा उपभोक्ता समितिको नाममा बैंक खाता मार्फत भुक्तानी नगरि समितिको अध्यक्षको नाममा भुक्तानी दिएको छ । यसरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।यसका केहि उदाहरण निम्म छन् –
<table>
<tr><th>क्र.स.</th><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>अध्यक्षको नाम</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१.</td><td>१६५-०७८/१२/११</td><td>खारखोली झो.पु नेर खेत संरक्षण</td><td>मिना वली</td><td>१९३९९</td></tr>
<tr><td>२</td><td>१६६-०७८/१२/११</td><td>उ.स गठन गर्दा खाजा खर्च</td><td>रवि बुढाथोकी</td><td>१९९८०</td></tr>
<tr><td>३</td><td>२४०-०७९/०१/०७</td><td>अनुगमनको खाजा वापत</td><td></td><td>१९९९०</td></tr>
<tr><td>४</td><td>२६७-०७९/०१/१६</td><td>बाटो मर्मत</td><td>अमर बहादुर कामी</td><td>२९०९८</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>८८४६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>बढि भुक्तानी - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.८।२०७८-१२-२९ बाट पेदिखोला हारिजार सडक उ.स.लाई कार्यसम्पन्न अनुसार जालि खरिदको प्रति जालि रु.३९५१ का दरले २२ वटाको रु.८६९२६ भुक्तानी दिएको र उक्त जालिमा ढुङ्गा भर्ने कार्यको लागि प्रति घ।मि। रु.२७१४ का दरले ४४ घ।मि।को रु।११९४१६ भुक्तानी दिएको छ । तर उपभोक्ता समिति मार्फत पेश भएको ग्याबिन जालिको खरिद बिजक अनुसार २१ वटा जाली मात्र खरिद भएकोले खरिद कार्यको प्रति जालि रु.३९५१ का दरले १ जालिको रु. ३९५१ र जालिमा ढुङ्गा भर्ने कार्यको लागि प्रति घ.मि. रु. २७१४ का दरले २ घ.मि. रु.५४२८ समेत जम्मा रु.१३२४५ उपभोक्ता समिति मार्फत असुल गर्नुपर्ने रु.</td><td>१३,२४५</td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
२६			**उपभोक्ता समिती मार्फत कार्य- यसमा निम्न व्यहोरा देखिएका छन् -**	
२६.१			**उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनामा ३२५ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.१०३२९१०८३ भुक्तानी गरेकोमा त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गराउनु पर्ने, उपनियम १२ मा कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकी स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न प्रकृतिका उपभोक्ता समिति गठन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरी कार्य गरेकोमा उपभोक्ता समितिले खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको र सामाजिक लेखापरीक्षण नगराएको साथै कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । नियमावलीमा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन र परिचालन गरिनु पर्दछ ।	
२६.२			**उपभोक्ता समितिलाई ओभरहेड** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिकृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.	१९७,९०४

गोभौनं./मिति	उपभोक्ता समिति र काम	निर्माण कार्य	भुक्तानी परिमाण	भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	बढि भुक्तानी रु.
२८।२०७९-०३-२५	शान्तिनगर १ वडा कार्यालय खर्ककोट पर्यटन मार्ग उ.स.	Gravel Road Construction Work	५९६ घन.मि.	१४५३	१६३०	१२९३३२
१०।२०७९-०१-११	शान्तिनगर २ असुवा ठाकाचौर चिसापानी सडक उ.स.	Gravel Road Construction Work	३१६ घन.मि.	१४५३	१६३०	६८५७२
					जम्मा	**१९७९०४**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.३			**उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु.	२,५५४,०४०

गो.भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	उ.स.लाई भुक्तानी रु.	निर्माण व्यवसायी	निर्माण व्यवसायी बिजक नं.।मिति	निर्माण व्यवसायीको बिजक रकम
४।२०७८-१०-२३	बाघखोर बान्द्रेखोला अखेला सडक	७७०४७५	राजकुमार निर्माण सेवा	०६।२०७८-०९-२६	७७००३८
४२१।२०७९-	रानी वनदेखि	१२८६६४	भि.एम.एल.कन्स्ट्रक्सन	०४।२०७८-	१५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>०३-२५</td><td>शान्तिपुरसम्म बाटो मर्मत उ.स.</td><td></td><td>प्रा.लि.</td><td>१२-०६</td><td></td></tr>
<tr><td>८।२०७८-१२-२९</td><td>पेदिखोला हारिजार सडक उ.स.</td><td>७७५२७१</td><td>एकराज निर्माण सेवा</td><td>११।२०७८-११-२०</td><td>५५०००२</td></tr>
<tr><td>१३९।२०७८-१२-०६</td><td>हल्दे उर्लेनि चौर नयाँ बाटो कटिङ उ स</td><td>४३११३२</td><td>एकराज निर्माण सेवा</td><td></td><td>३८८०००</td></tr>
<tr><td>१५१।१०७८-१२-०७</td><td>पेदिखोला देखि १ र ३ जोड्ने नयाँ बाटो कटिङ्ग उपभोक्ता समिति</td><td>४३११३२</td><td>मध्यपश्चित निर्माण सेवा</td><td></td><td>३८८०००</td></tr>
<tr><td>२८८।२०७९-०२-१८</td><td>अमुवा थापा टुटना देखी पुरानो सडक पगडे डाँगीको घरसम्म कटिङ ग्रावेल रोलिङ</td><td>७४६९००</td><td>पि एण्ड पि कन्स्ट्रक्सन</td><td></td><td>३०८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३२८३५७४</td><td></td><td></td><td>२५५४०४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>ठेक्का नं.17/SRM/NCB/078-79 सिमसुन्दरपुर देखि बिष्णुपुर हुदै बौलाहखोला सम्म मोटरबाटो कालोपत्रे योजना - यसमा निम्न व्यहोरा देखिएको छ -</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.१			**सडक निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.10000000 भएको सिमसुन्दरपुर देखि बिष्णुपुर हुदै बौलाहखोला सम्म मोटरबाटो कालोपत्रे निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी एम.एस.पि.एल.जे.भी. को कबोल अङ्क रु.५०६७३४४.१२ को ठेक्का २०७८।१२।२० सम्ममा सम्पन्न गर्ने गरि २०७८।०७।१७ मा ठेक्का सम्झौता गरेको देखियो । यो वर्ष उक्त सडक निर्माण कार्यको यसवर्षसम्मको रु.२७६६०२०.८३ भुक्तानी गरेको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् -	
२७.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । · क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नुपर्ने । · ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने । · ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने । · घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य । · ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने । · च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने ।	
२७.३			**खरिदमा सम्झौताको म्याद थपः** लुम्विनी प्रदेश सरकारद्वारा २०७६।५।३ मा जारी सार्वजनिक खरिद सम्बन्धि प्रदेश नियमावलीमा निर्माण कार्यको अवधि थप, वीमा व्यवस्था, कार्य स्वीकार, कार्य सम्पन्न , एज विल्ट नक्शा आदीका सम्बन्धमा केही उल्लेख गरेको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने र म्याद थपकालागी अवधि समाप्त हुनु २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण कार्यको २०७८।१२।२० सम्म रहेकोमा अवधि २०७९।०७।३० सम्मकोलागी कार्यपालिकाको मिति २०७९।०३।२३ को निर्णयले काममा चरम लापरवाहि गरेको, ढिला कार्य सुचारु गरेकोले पूर्व निर्धारित क्षतिपूर्ती असुल गर्ने गरि अवधि थप गरेको देखियो । उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । उल्लिखत कार्यको विश्लेषण नै नगरी कार्यालयले निर्माण कार्यको म्याद थप गर्ने गरेको देखियो । यसमा सुधार गरिनु पर्दछ ।	
२७.४			**पूर्व निर्धारित क्षतिपूर्ती -**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न गर्न नसकेमा कार्यालयले सम्झौता रकमको बढी १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने ब्यवस्था छ ।उक्त निर्माण कार्यको ५ महिनाको म्याद दिई सम्झौता भएकोमा पूर्व निर्धारित क्षतिपूर्ती असूल गर्ने गरि १ पटक ७ महिना म्याद थप समेत अन्तिम म्याद २०७९।०७।३० रहेको देखिन्छ । तत्पश्चात म्याद थप भएको छैन भने भौतिक प्रगति जम्मा २४ प्रतिशत मात्र रहेको र कार्यप्रगतीको आधारमा गो.भौ.नं.४२८।२०७९-०३-२५ बाट रु.२७६६०२०.८३ भुक्तानी गर्दा ९७ दिनको पूर्वनिर्धारित क्षतिपूर्ती सम्झौता रकमको प्रतिदिन ०.०५ का दरले रु.२१२५६७.१६ असुल गर्नुपर्नेमा रु.११८७१८.५९ असुल गरि घटि रु.९३८४८ असुल भएको रकम समेत	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लेखापरीक्षण अवधि २०७९-०९-३० सम्म १८९ दिनको सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतको दरले १० प्रतिशत नबढ्ने गरि रु.३१९५६४.२२ पूर्वनिधारित क्षतिपुर्ति रकम असुल हुनुपर्ने रु.	३१९,५६४
२८			**बहुउदेश्यीय सभाहल निर्माण (रवि एण्ड ववि निर्माण सेवा) - यसमा निम्न व्यहोरा देखिएका छन् -**	
२८.१			**भवन निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.१८००००० भएको बहुउदेश्यीय सभाहल निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी रवि एण्ड ववि निर्माण सेवाको कबोल अङ्क रु.११३४४७५५ को ठेक्का २०७७।०८।३० सम्ममा सम्पन्न गर्ने गरि २०७६।११।१८ मा ठेक्का सम्झौता गरेको देखियो । यसवर्ष उक्त निर्माण कार्यको निर्माण सम्पन्न पश्चात गो.भौ.नं.२६।२०७९-०३-२५ बाट रु.५०२२५३३ भुक्तानी गरेको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् -	
२८.२			**कार्य स्वीकार र कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन बनाउनु पर्ने र नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले उक्त निर्माण कार्यको त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य स्वीकार र कार्य सम्पन्न प्रतिवेदन एउटैमा तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अतः निर्माण कार्यको अन्तिम विल भुक्तानीका समयमा कार्य स्वीकार प्रतिवेदन बनाउने र त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ ।	
२८.३			**खरिदमा सम्झौताको म्याद थपः** लुम्बिनी प्रदेश सरकारद्वारा २०७६।५।३ मा जारी सार्वजनिक खरिद सम्बन्धि प्रदेश नियमावलीमा निर्माण कार्यको अवधि थप, वीमा व्यवस्था, कार्य स्वीकार, कार्य सम्पन्न , एज विल्ट नक्शा आदीका सम्बन्धमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			केही उल्लेख गरेको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने र म्याद थपकालागी अवधि समाप्त हुनु २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण कार्यको २०७७।०८।३० सम्म रहेकोमा अवधि प्रथम पटक कोरोना महामारीको कारण २०७८।०८।३० सम्म र दोस्रो पटक प्रदेश सरकारबाट बजेट व्यवस्थापन नभएका कारण २०७९-०३-२५ सम्मको लागी अवधि थप गरेको देखियो । उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । उल्लिखत कार्यको विश्लेषण नै नगरी कार्यालयले निर्माण कार्यको म्याद थप गर्ने गरेको देखियो । यसमा सुधार गरिनु पर्दछ ।	
२८.४			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । · क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने · ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने · ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			र परीक्षण गर्ने · घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य · ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने · च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
२८.५			**ल्याब टेस्टको भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उक्त निर्माण कार्यको गो.भौ.नं.२६।२०७९-०३-२५ बाट पि.एस.आईटममा रहेको ल्याब टेस्ट वापत रु.६३६७ भुक्तानी दिदां सोको बिजक संलग्न नभएकाले असुल गर्नुपर्ने रु.	६,३६७
२९			**१५ शैय्याको अस्पताल भवन (ठेक्का नं. ३४/SRM/NCB/077/078 गाल्वा/खड्का वली जे.भी) - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
२९.१			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । · क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने · ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने · ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य · ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने · च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
२९.२			**अस्पताल निर्माण कार्य -** कार्यालयले लागत अनुमान मु अ कर समेत रु. 187153184 भएको १५ शैय्याको अस्पताल भवन निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी गाल्वा/खड्का वली जे.भी को कबोल अङ्क रु. ११२४९४९७२।८४ को ठेक्का २०८०।०६।१३ सम्ममा सम्पन्न गर्ने गरि २०७८।०२।१४ मा ठेक्का सम्झौता गरेको देखियो । सो निर्माण कार्यको प्रथम विल रु २२४६७११३।७५ पेश भएकोमा बजेट अभावका कारण रु २७१८११३ भुक्तानी बाँकी रहेको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् -	
२९.३			**घटि रकम कट्टा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम ४ मा खरिद सम्झौता अनुसार धरौटी कट्टा गर्नुपर्ने व्यवस्था छ ।साथै आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको भुक्तानी गर्दा नियमानुसार रु. ९९८५०२ धरौटी कट्टी गर्नुपर्नेमा रु ९६०४१० मात्र र अग्रिम आय कर रु २९९५५० कट्टि गर्नुपर्नेमा रु २८८१२३ मात्र कट्टि गरेको देखिएकोले जम्म घटी कट्टि रु ४९५१९ सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.	४९,५१९
३०			**डाँङ्गी मोडदेखि दक्षिणको सडक कालोपत्रे (श्री एम. एस/ पि. एस जे.भी)** -	
३०.१			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने · ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने · ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने · घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य · ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने · च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
३०.२			**सडक निर्माण कार्य** - कार्यालयले लागत अनुमान मु अ कर समेत रु. ४८५०००० भएको डाँङ्गी मोडदेखि दक्षिणको सडक कालोपत्रे निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी श्री एम. एस/ पि. एस जे.भी को कबोल अङ्क रु. २५४९६३६।६७ को ठेक्का २०७८।१२।२० सम्ममा सम्पन्न गर्ने गरि २०७८।०९।०१ मा ठेक्का सम्झौता गरेको देखियो । यसमा देहायका व्यहोराहरु देखिएका छन् -	
३०.३			**खरिदमा सम्झौताको म्याद थपः** लुम्विनी प्रदेश सरकारद्वारा २०७६।५।३ मा जारी सार्वजनिक खरिद सम्बन्धि प्रदेश नियमावलीमा निर्माण कार्यको अवधि थप, वीमा व्यवस्था, कार्य स्वीकार, कार्य सम्पन्न , एज विल्ट नक्शा आदीका सम्बन्धमा केही उल्लेख गरेको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने र	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			म्याद थपकालागी अवधि समाप्त हुनु २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण कार्यको २०७८।१२।२० सम्म रहेकोमा अवधि २०७९।०७।३० सम्मकोलागी कार्यपालिकाको मिति २०७९।०३।२३ को निर्णयले काममा चरम लापरवाहि गरेको, ढिला कार्य सुचारु गरेकोले पूर्व निर्धारित क्षतिपूर्ती असुल गर्ने गरि अवधि थप गरेको देखियो । उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । उल्लिखत कार्यको विश्लेषण नै नगरी कार्यालयले निर्माण कार्यको म्याद थप गर्ने गरेको देखियो । यसमा सुधार गरिनु पर्दछ ।	
३०.४			**कार्य सुचारु नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(३) मा सम्झौतामा उल्लेखित भएको परिमाण बमोजिमको निर्माण कार्य सम्पन्न पश्चात प्राविधिक नापजाँचका अधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । उक्त निर्माण कार्यको शुरु सम्झौता अवधिमा कार्य सुचारु नभएको र निर्माण व्यवसायीले निर्माण सामाग्रीको मुल्य वृद्धिका कारण भनि अवधि नखुलाई म्याद थप माग गरेकोमा कार्यपालिकाको ०७९।०३।२३ को बैठकबाट २०७९ कार्तिक मसान्त सम्म थप आर्थिक व्ययभार नपर्ने गरी भनि म्याद थप भएको देखिन्छ । लेखापरीक्षण अवधि २०७९।१०।०१ सम्म पनि कार्य सुचारु र प्रगति पेश भएको देखिएन् । नियमानुसार पूर्वनिर्धारति क्षतिपुर्ति असुल गरी कार्य सम्पन्न गराउनुपर्दछ ।	
३१			**सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. १० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ ।त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपाइएको निम्नानुसार रू.१८८५३५६ को सोझै खरिद गरेको रू.	१,८८५,३५६

भौ.नं. मिति	आपूर्तिकर्ताको नाम	प्रयोजन	रकम
८२-२०७८।७।१६	राप्ती स्टेशनरी एण्ड बुक सेन्टर	मसलन्द तथा कार्यालय सामग्री	३१५५२९
१३५-२०७८।८।२७	न्यू महालक्ष्मी अफसेट प्रेस	मसलन्द तथा कार्यालय सामग्री	४३४५१२
१८५-२०७८।१०।५	मिड ओएस्ट आइटी स्टोर	मसलन्द तथा कार्यालय सामग्री	१८८४२४
२८२-२०७८।१२।८	न्यू महालक्ष्मी अफसेट प्रेस	मसलन्द तथा कार्यालय सामग्री	१९४११०
३६३-२०७९।२।४	३ वटा फर्म	मसलन्द तथा कार्यालय सामग्री	६२४५२६
४८५-२०७९।३।१६	न्यू महालक्ष्मी अफसेट प्रेस	मसलन्द तथा कार्यालय सामग्री	१२८२५५
जम्मा			१८८५३५६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**डी.पी.आर. खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

गो.भौ.नं.।मिति	कार्य विवरण	परामर्शदाता	खर्च रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४२९।२०७९-०३-२५</td><td>हावा खाने डाँडामा ड्याम निर्माण सम्ब्नधि डि पी आर</td><td>क्यानभास ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.</td><td>१८०८०००</td></tr>
<tr><td>२८०।२०७९-०२-११</td><td>बौलाहा खोलामा पुल निर्माणका लागि डि पी आर</td><td>पिनाकल इन्जीनियरीङ सोलुसन एण्ड कन्सलटेन्सी प्रा.लि.</td><td>१६०९९११</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>३४१७९११</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ - यसमा निम्न व्यहोरा देखिएको छ -</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>४ कोठे भवन निर्माण करकट्टी नगरेकोः

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।२३ को निर्णयबाट रु. ११३३१४।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>नापी किताव / कार्यसम्पन्न प्रतिवेदन :

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२२ र २३ को निर्णयबाट रु.</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२३०००००।- सम्परीक्षण गरिएको ।)	
३४			**शिक्षा तर्फ - यसमा निम्न व्यहोरा देखिएको छ**	
३४.१			**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट १४ वटा विद्यालयलाई रु.१०४७३७७५ तलब भत्ता भुक्तानी गरेको पाईयो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	
३४.२			**छात्रवृत्तिः** विद्यालयहरूलाई छात्रवृत्तिको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरूले बुझेको भर्पाईहरूको आधारमा दिनु पर्दछ । यसवर्ष पालिका क्षेत्रका २५ विद्यालयहरुलाई छात्रवृति वापत रु.९०२२०० निकासा दिएको छ । कार्यालयले तयार गरेको फ्ल्यास रिपोर्ट र हाजिरी लेखापरीक्षण समक्ष पेश भएन। फ्ल्यास रिपोर्ट र हाजिरी वेगर खर्च लेखेको रकम एकीन गर्न सकिएन। कार्यालयले विद्यालयगत विद्यार्थी संख्या एकिन गरी खर्च फरफारक गर्नुपर्दछ।	
३४.३			**दिवा खाजा रकमः** *........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।१४ को निर्णयबाट रु. २२२४५।- सम्परीक्षण गरिएको ।)*	
३४.४			**पाठ्यपुस्तक निकासाः-** *........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।२३ को निर्णयबाट रु. २५६४१।-*	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३४.५</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । कुल २५ विद्यालयमा १५६ जना शिक्षकको दरबन्दि रहेकोमा ६२ करार सहित १५६ दरबन्दी पदपुर्ती भएको छ । उक्त विद्यालयमा विद्यार्थीको संङ्ख्या १००९२ रहेको छ । दरबन्दी बमोजिम स्थायी शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.६</td><td></td><td></td><td>विद्यालयगत निकासा खाता - कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३४.७</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्ने - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायको भुक्तानी गर्दा आवश्यक विल, भरपाई, श्रेस्ता, दाखिला प्रतिवेदन साथ संलग्न नभएकाले प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो. भौ. नं. र मिति</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td rowspan="2">२२६-०७९/०३/२०</td><td>जनकल्याण मा.वि ल्याब सामाग्री अनुदान</td><td>२०००००</td></tr>
<tr><td>वि पी कोइराला मा.वि सिकाई सुदृढीकरण अनुदान</td><td>२०००००</td></tr>
<tr><td>२८- २०७९।०३।२४</td><td>सामुदायिक विद्यालयका विद्यार्थीहरलाई पोसाक खरिद वापत हाम्रो गार्मेन्ट उद्योगलाईभुक्तानी</td><td>४९३११९</td></tr>
</table></td><td>१,५६१,२०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>३३-२०७९।०३।२४</td><td>जनकल्याण मा वि मा भौतिक निर्माण</td><td>६६८०९०</td></tr><tr><td></td><td>जम्मा</td><td>१,५६१,२०९</td></tr></table>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२२ को निर्णयबाट रु. २०००००।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>स्वास्थ्य कार्यक्रम तर्फ- यसमा निम्न व्यहोरा देखिएको छ ।</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले सिलबन्दी दरभाउ मार्फत र कोटेशन मार्फत रु.२०९१७१२ को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ;

• खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नभएको एकीन नगरी हस्तान्तरण गरेको छ ।
यस सम्बन्धमा गत विगतमा औल्याएतापनि सुधार भएको छैन। औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>कार्यक्रमको प्रगती प्रतिवेदन - पालिकाबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगती प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन। अतःसंचालित कार्यक्रमको प्रगती प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५.३</td><td></td><td></td><td>अनुगमन भत्ता - लुम्बिनी प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७६ को दफा १४(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ। ऐनमा अनुगमन वापतको खर्च भूक्तानी गर्न पाउने उल्लेख छैन। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले गो. भौ. नं. १९-०७८/०८/०६ बाट स्वास्थ्यकर्मीको लागि बृहत पोषण प्याकेज क्षमता अभिवृद्धि कार्यक्रमको अनुगमनमा निम्न पदाधिकारी तथा कर्मचारीहरुलाई निम्नानुसारको रकम भुक्तानी गरेको असुल हुनुपर्ने रु.

<table><tr><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th></tr><tr><td>कमानसिंह डाँगी</td><td>४२५०</td></tr><tr><td>हुकुम वली</td><td>१७००</td></tr><tr><td>यादव प्रसाद भुसाल</td><td>१७००</td></tr><tr><td>जम्मा</td><td>७६५०</td></tr></table></td><td>७,६५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**नमुना विद्यालय निर्माण तर्फ - यसमा निम्म व्यहोरा देखिएको छ**	
३६.१			**वि.पी. मा.वि .नमुना विद्यालय निर्माण** –पालिकाले नमुना विद्यालय निर्माणका लागि कार्यक्रम कार्यान्वयन पुस्तिक २०७८।७९ को क्रियाकलाप नं.८.३ मा नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान शिर्षकको उपदफा नं. १ अनुसार रु.७०००००० बजेट व्यवस्थापन गरेको छ । सो सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छन् – भौतिक निर्माण तर्फ - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । गो.भौ.नं. १५।२०७९-०२-३१ बाट प्रथम रनिङ्ग बिलको रु.३९९९५१३ भुक्तानी गर्दा भुक्तानी गर्ने प्राविधिक बिल तोकिएको ढाचाँमा नरहेको, निर्माण कार्यको ईकाइ नखुलेको हुदां के कति परिमाण कार्यसम्पन्न भई भुक्तानी भएको एकिन गर्न सकिएन् ।	
३६.२			**रोक्का निकासा** – नमुना विद्यालय निर्माणको लागि प्राप्त बजेट रु.७०००००० मध्ये पालिकाले प्रथम रनिङ्ग बिलको रु. ३९९९५१३ भुक्तानी गरि बाकी रकम रु.३०००४८७ निकासा रोक्का राखेकोमा मिति २०७९-०८-०७ मा दोस्रो रनिङ्ग बिल रु.१२२३५९६.२५ को कार्यसम्पन्न प्रतिवेदनको आधारमा फुकुवा गरि बाँकि रकम रु.१७७६८९१ रोक्का राखेको छ ।आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरणबाट प्राप्त भएको रकम सम्वन्धित आर्थिक वर्षमा खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।उक्त विद्यालयको खातामा रोक्का राखेको बचत रकम परिचालन गर्ने आधार पेश हुनुपर्ने, आधार पेश भएमा सो कार्यको बिल भरपाई, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने अन्यथा संघिय संचितकोष फिर्ता गर्नुपर्ने रु.	१,७७६,८९१
३६.३			**करकट्टी नगरेको:** *........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।२२ को निर्णयबाट रु.३३६८५।-*	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्परीक्षण गरिएको ।)	
३७			**प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका १३ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष १२५ जनालाई रोजगारी उपलव्ध गराई रु. ६२८२९५३ खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । (क) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ। (ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ।	
३८			**सामाजिक सुरक्षा कार्यक्रम - सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन**	
३८.१			**तथ्यांक अध्यावधिक -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ।	
३८.२			**निष्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदां २४ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ ।पालिकाले यसबर्ष बैंक मार्फत रु.९३२२२४८० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौटभएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्र्यौट भएपश्चात चौथो निकासा दिई फछ्र्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई वितरण भए नभएको एकिन गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ ।	
३८.३			**सार्वजनिक सुनुवाई -** गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ।	
३८.४			**पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । पालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
३९			**प्रशिक्षक भत्ता-**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>[illegible] .... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।२२ को निर्णयबाट रु.५४४०।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>९७</td><td>११६</td><td>११०</td><td>४१</td><td>१५</td><td>३७९</td></tr>
</table>

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि १० लाख बढि सम्मका जम्मा ३७९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार २२ वटा ऐन, ३ वटा नियमावली र २० बटा कार्यविधि ,४ निर्देशिका र १नर्म्स लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१००९
मृत्युदर्ता	२३५
बसाईसराई दर्ता	४०२
विवाह दर्ता	४२८
सम्बन्धविच्छेद दर्ता	२५
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	१२१५ मि.
कालोपत्रे सडक मर्मत	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>३१ कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सवारीसाधन खरिद –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. २९९९००, तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.४४९९००० बजेटबाट खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>१</td><td>२९९९००</td></tr>
<tr><td>२</td><td>जीप</td><td>१</td><td>४४९९०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२</td><td>४७९८९००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९२०८६३९० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
४४			**विद्यालय सहायक कर्मचारी पारिश्रमिक-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं १.१.४.१ को १.२ मा (ख) मा सहायक कर्मचारीका लागि रु १३५०० का दरले दिने तथा पालिकाले थपेर न्यूनतम रु १५००० व्यवस्था मिलाउने उल्लेख छ । पालिकाले विद्यालयमा कार्यरत सहायक कर्मचारीलाइ न्यूनतम १५००० पुप्याउनुपर्नेमा ७००० थप गरि रु २०५०० पुप्याएको छ । पालिकाले विद्यालय सहायक कर्मचारीको तलब थप गर्दा आन्तरिक आयलाइ ध्यानमा राखि गर्नुपर्दछ ।	
४५			**वितरणको भरपाई पेश गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले गो.भौ.नं. ३६९-०७९/०३/१९ कार्यालये ५० प्रतिशत अनुदानमा वयाले कृषि सहकारी संस्था लि लाई टंयाकी खरिद वापत रकम	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रु ६ लाख अनुदान दिएकोमा सस्थाले अजिसा एग्रोभेट सप्लायर्स दाङ्ग बाट १६ लि स्प्रे टंयाकी ३०० थान रु २००० का दरले खरिद गरी २३८ थान मात्र वितरण गरेको भरपाई पेश गरेकोले बाँकी ६२ थानको भरपाई पेश हुनुपर्ने रु</td><td>१२४,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।नमुना छनौट गर्दा नगरपालिकाले देहायको भुक्तानी दिएकोमा निर्माण कार्यको प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने तोकिए बमोजिम प्राविधिक मुल्याङ्कन नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

<table>
<tr><th>गौ.भौ.नं. ।मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>प्रयोजन</th></tr>
<tr><td>०७।२०७८-१२-०६</td><td>प्रशिद्ध ईन्भर्टर हाउस</td><td>३८६३६४</td><td>सोलार सामाग्री खरिद</td></tr>
<tr><td>२१।२०७९-०३-१४</td><td>प्रशिद्ध ईन्भर्टर हाउस</td><td>४०९५१९</td><td>सोलार सामाग्री खरिद</td></tr>
<tr><td>२६३-०७९/०१/१४</td><td>लुम्बिनी ट्रेड एण्ड सप्लायर्स</td><td>३९१७५६</td><td>ह्युम पाइप तथा पोल खरिद</td></tr>
<tr><td>४९-०७८/१०/२५</td><td>साकार पाइप एण्ड पोल उद्योग प्रा.लि</td><td>४९७४५४</td><td>ह्युम पाइप तथा पोल खरिद</td></tr>
<tr><td>८४-०७८/११/२६</td><td>साकार पाइप एण्ड पोल उद्योग प्रा.लि</td><td>२९०९४६</td><td>ह्युम पाइप तथा पोल खरिद</td></tr>
<tr><td>१४८-०७९/०२/१६</td><td>विजय इन्टरनेशनल टेड्र लिंक</td><td>४६७८२</td><td>ह्युम पाइप तथा पोल खरिद</td></tr>
</table></td><td>३,११५,५४३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३८६।२०७९-०३-२१</td><td>कुष्मा ट्रेडर्स</td><td>३४९९९३</td><td>जस्तापाता खरिद</td></tr>
<tr><td>३०२।०७८।१२।२०</td><td>कुष्मा ट्रेडर्स</td><td>१४९९९१</td><td>25mm HDPE pipe ४१४ मिटर</td></tr>
<tr><td>३०३।०७८।१२।२०</td><td>कुष्मा ट्रेडर्स</td><td>३०००१२</td><td>कर्कत पाता १२५
पितेपाता २४</td></tr>
<tr><td>३३८।०७९।१।५</td><td>साकार पाइप एण्ड पोल उद्योग प्रा.लि</td><td>२९२७२६</td><td>४५ mm ४ पिस
६०mm २ पिस
९०mm ४ पिस</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३११५५४३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
कृषि यन्त्र खरिदः

गो.भौ.नं. ४८०।०७९।३।१६ वडा नं ४ मा मागमा आधारित कृषि सामग्री खरिद र वितरण कार्यक्रमका लागि रु ३४७००० भुक्तानी गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्

क)Non Vatable Item मा भ्याटः नेपाल सरकारले भ्याट नलाग्ने वस्तुको सूचिमा सूचीकृत गरेको कृषि स्प्रेयर १२० थान दिप न्यून टेक एग्रो स्टेशनबाट खरिद गरि भुक्तानी गरेको छ । भ्याट नलाग्ने वस्तुमा भ्याट विल जारि गरि भुक्तानी दिएको असुल गर्नुपर्ने रु.
<table>
<tr><td>सामग्री</td><td>परिमाण</td><td>खरिद रेट</td><td>भ्याट वाहेक रकम</td><td>भ्याट रकम</td></tr>
</table>
</td><td>८२,३४४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कृषि स्प्रेयर</td><td>१२०</td><td>२३४५.१४</td><td>२८१४१६</td><td>३६५८४</td></tr>
<tr><td>कर्न सेलर</td><td>१६</td><td>२२००</td><td>३५२०००</td><td>४५७६०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>८२३४४</td></tr>
</table>
ख) वढी दर रेट - वडा कार्यालयले खरिद गरेको १६ लि स्प्रेयरको मुल्य पालिकाले प्रति संख्या २००० मा खरिद गरेको तथा सरकारी दररेट रु २००० भएको अवस्थामा दिप न्यून टेक एग्रो स्टेशनसँग सम्झौता गरि रु २३४५ मा १२० थान खरिद गरि भुक्तानी गरेको छ । एउटै सामग्री पालिकाले रु २००० र वडा कार्यालयले रु २३४५ मा खरिद गरेकोमा वडाले पालिकासँग समन्वय नगरि रु३४५ बढी मुल्यमा खरिद गरि ४१४०० व्ययभार परेको देखिन्छ । पालिका र वडामा समन्वय नगरि खरिद गर्दा ४१४०० को ५० प्रतिशत अनुदानले हुने रु २०७०० बढी व्ययभार परेको रु.
(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।१४ को निर्णयबाट रु.२०७००।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
वितरणमुखी कार्यक्रमः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;	

भौ.न. मिति	कार्यक्रमको नाम	रकम
४-०७८।७।४	हिउँदे उन्नत घाँसको विउ वितरण	३५००००
२७-०७८।३।२२	वर्षे तथा वहुवर्षिय भुइ तथा डालेघास वितरण	३५००००
६४-०७८।७।४	पशुपालन कृषकका लागि उन्नत घाँस विउ वितरण	१४९६००
६५-०७८।७।४	पशुपालन कृषकका लागि उन्नत घाँस विउ वितरण	१०००००
२६५-०७८।१२।३	कृषकहरुलाइ निशुल्क कृषि विउविजन वितरण	२०००००
२६६-०७८।१२।३	कृषकहरुलाइ निशुल्क कृषि विषादि वितरण	१९९८१०
	जम्मा	१३४९४१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**गै.स.स. मार्फत कार्यक्रम** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैसस बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको । गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया वेगर एउटै	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फर्मबाट कार्यक्रम संचालन गरेको तथा ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गौ न मिति</th><th>कार्यक्रम</th><th>सस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>१७-०७८।१२।१७</td><td>जेष्ठ नागरिक लक्षित कार्यक्रम</td><td>जेष्ठ नागरिक संघ</td><td>२८२९४३</td></tr>
<tr><td>१९०-०७८।१०।९</td><td>ग्रामिण खानेपानी मर्मत सम्भार कार्यकता तालिम</td><td>नेशनल मानस विकास ट्रेनिङ्ग</td><td>१४८९९०</td></tr>
<tr><td>२७८-०७८।१२।८</td><td>अपाङ्ग मैत्री कार्यक्रम</td><td>अपाङ्गता अधिकार एवम समाज विकास सस्था</td><td>१५००००</td></tr>
<tr><td>१०९-०७९/०१/१४</td><td>लघु उद्यम कार्यक्रम</td><td>नेशनल मानव विकास ट्रेनिङ्ग इन्स्टिटयुट</td><td>४७५३१२</td></tr>
<tr><td>१४४-०७९/०२/२०</td><td>लघु उद्यम कार्यक्रम</td><td>इन्नोभेटिभ सर्भि कन्सल्ट प्रा लि</td><td>७८९३८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८४६६३०</td></tr>
</table></td><td>१,८४६,६३०</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रमः यसमा देहायका व्यहोरा देखिएका छन् -

निकासा र खर्चः गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी रु.३५५१०६५ खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् । **क) सुविधाः** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन । **ख) किस्ता भुक्तानीः** कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले यसवर्ष ८१ जनालाई रु.३०००० का दरले प्रथम किस्ता रु.२४३०००० , ५४ जनालाई अन्तिम किस्ता रु.२०३८३ को दरले रु.११००६८२ समेत कुल रु. ३५५१०६५ खर्च लेखेको देखियो । अत कार्यविधि अनुसार निर्धारित किस्तामा लाभग्राहीलाई अनुदान दिनु पर्ने देखिन्छ । साथै उक्त निर्माण कार्यको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको कार्यक्रममा खर्च भयो भएन एकिन गर्न सकिएन । **ग) कार्य प्रगतिः** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।	
५१			**धान बालिमा राहत तथा क्षतिपुर्ती –** बेमौसमी बर्षाको कारण धान बालिमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड २०७८ को बुँदा नं. ३(५) अनुसार सरकारी वा सार्वजनिक जग्मा अतिक्रमण गरी गरिएको धानबालीमा क्षति पुगेकोमा त्यस्तो क्षतिको लागि,क्षति भएको धानबालीको बीमा गरिएको भएमा त्यस्तो धानबालीमा पुगेको क्षतिको लागि, बेमौसमी बर्षाको कारण धानबालीमा पुगेको क्षति वापत नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहबाट एक पटक राहत क्षतिपूर्ति वा सुविधा प्राप्त गरिसेको अवस्थामा राहत रकम उपलब्ध नगराइने उल्लेख छ । पालिकाले धान बालीको क्षतिपुर्ति वापत राहत वितरणका लागी जिल्ला प्रशासन कार्यालयबाट रु. १००६२७९६ निकासा भएकोमा लेखापरीक्षण अवधिसम्म १४३३ जनालाई रकम रु. ९२११८७९ राहत वितरण गरी रकम रु ८५०९१७ बाँकी रहेको विवरण पेश गरेको छ । मापदण्ड अनुसार राहत प्राप्त गर्ने व्यक्ति वास्तविक हो होईन पालिकाले एकिन गरेको देखिएन् । पालिकाले एकिन गरेर मात्र राहत वितरण गर्नुपर्दछ ।	
५२			**बाली कटानी –** जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७८ अनुसार बाली कटानी अन्तर्गत बालीको हकमा रु ५०० बाली कटानी खर्च गर्ने जसमा प्रति बाली कटानी रु २०० क्षतिपूर्ति स्वरुप कृषकले पाउने र रु ३०० बाली कटानी गर्न ज्यामी ज्यालाका लागि खर्च गर्ने भन्ने व्यवस्था छ । उल्लेखित उक्त व्यवस्था विपरित बाली कटानी गर्न ज्यामी ज्यालाका लागि खर्च हुने रकम कार्यालयले भत्ता स्वरुप तपशिलका कर्मचारीले बुझिलिएकोले वितरण भएको प्रमाण पेश गर्नुपर्ने रु.	४९,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कर्मचारीको नाम / **भुक्तानी रकम** यमकान्त पाण्डे / १६५०० शंकर प्रसाद न्यौपाने / १६५०० केशव के सी / १६५०० जम्मा / ४९५००	
५३			**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशतसम्म कन्टिन्जेन्सी वापत खर्च गर्न सकिने उल्लेख छ । सार्वजनिक निकायले निर्माण कार्य गर्नको लागि तोकिएको आधार लिई लागत अनुमान तयार गर्नुपर्दछ ।लागत अनुमानमा निर्माण कार्यसँग सम्बन्धित सुपरभिजन, सूचना प्रकाशन लगायतका विभिन्न कार्यहरु गर्नको लागि कन्टिन्जेन्सी वापतको रकम समेत उल्लेख गरेको हुन्छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति रकम कन्टिन्जेन्सी कट्टी गरेको छ सो को विवरण पेश गरेको छैन् । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । तसर्थ योजना वाइज कन्टिन्जेन्सी खर्चको अभिलेख राखि कन्टिन्जेन्सी खर्चको सम्वन्धमा पारदर्शिता एवम् मितव्ययीता कायम गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।	
५४			**सार्वजनिक परीक्षण -**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । तसर्थ ऐन बमोजिम सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई हुनुपर्दछ ।	
५५			**गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।कानून वमोजिम गुणस्तर परीक्षण गराउनु पर्दछ ।	
५६			**भौचर पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले बैंक नगदि किताब गो.भौ.नं. ४२२।२०७९-०३-२५ बाट रु.३५३३५ खर्च जनाएकोमा सो को कागजात श्रेस्तासाथ संलग्न नभएकाले पेश गर्नुपर्ने रु.	३५,३३५
५७			**आन्तरिक लेखापरीक्षण बाट कायम बेरुजु -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता,	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ को उपनियम १ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा संपरीक्षण गराई पेश गर्नुपर्ने व्यबस्था छ ।आ.ले.प. प्रतिवेदनमा समावेश भई हालसम्म फछ्र्यौट तथा संपरीक्षण नभएको असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं.।मिति</th><th>बेरुजुको व्यहोरा</th><th>असुल गर्नुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>गो भौ नं ९२,मिति २०७८।०८।०१</td><td>वडा नं १ मा कार्यक्रम संयोजक भत्ता बढि भुक्तानी</td><td>१०००</td></tr>
<tr><td>२</td><td>मिति २०७८।०८।२३ भौ नं १२७</td><td>लेखापाल गोकर्ण शर्माको दैनिक भ्रमण भत्ता रकम बढि भुक्तानी</td><td>१२००</td></tr>
<tr><td>३</td><td>गो भौ नं २८८ मिति २०७८।१२।१०</td><td>वडा नं २ मा सञ्चालित दलित उत्थान कार्यक्रम सञ्चालन खर्च भुक्तानीमा काली सिलाई सेन्टरलाई विल भरपाई भन्दा बढी भुक्तानी</td><td>१०,७७७</td></tr>
<tr><td rowspan="2">४</td><td rowspan="2">गो भौ नं ३१२ मिति २०७८।१२।२२
गो भौ नं ४२९ मिति २०७९।०३।०७</td><td>कार्यालयको गाडी मर्मत वाफत को रकममा पल्लवी सप्लायर्सलाई भुक्तानी दिदा विल रकम भन्दा बढी भुक्तानी</td><td>४११</td></tr>
<tr><td>वडा नं १ को खर्च भुक्तानिमा भुक्तानी</td><td>८००</td></tr>
</table></td><td>१००,१७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>रकमको जम्मा विल को जोड जम्मा भन्दा बढी भुक्तानी भएको</td><td></td></tr>
<tr><td>५</td><td></td><td>सरुवा भई चैत्र मसान्तमा जानु भएका लेखापाल गोकर्ण शर्मा लाई सरुवा भए पश्चात पनि बैशाख र जेष्ठ महिनाको तलव भुक्तानी भएकोले उक्त सुविधा दोहोरो भएकाले दाहोरो सुविधा वापतको रुपैया फिर्ता गर्नु पर्ने</td><td>७८,९६४</td></tr>
<tr><td>६</td><td>गो भौ नं ३० मिति २०७९।०३।२४</td><td>भुक्तानीमा अग्रिम आयकर कट्टी गरी नगरी सन्दिष आर्ट बाट भएको भित्ते लेखन कार्यको भुक्तानी</td><td>३३४८</td></tr>
<tr><td>७</td><td>गो भौ नं ३६ मिति २०७९।०३।३१</td><td>सहकारीको तिन दिने कार्यक्रममा तालिमको पेश्की फछ्यौट मा विल भरपाई भन्दा बढी फछ्यौट भएको ले असुली गर्नु पर्ने</td><td>३६७५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१००१५७</td></tr>
</table>
</td><td></td></tr>
</table>